**“Ending the AIDS Epidemic as part of the Sustainable Development Goals”**
**( दिगो विकास लक्ष्य प्राप्तिको लागि एड्स महामारीको अन्त्य )**

# २८ औं विश्व एड्स दिवस, डिसेम्बर १, २०१५

## विश्व र नेपालमा एचआईभी/एड्सको अवस्थाको एक झलकः

*विश्वमा एचआईभी/एड्स*

- सन् २०१४ को अन्तसम्म संसारमा ३ करोड ६९ लाख व्यक्तिहरुमा एचआईभी संक्रमण भएको अनुमान छ। बयस्क जनसंख्याको ०.८ प्रतिशत संक्रमण (प्रिभ्यालेन्स दर) छ।
- सन् २०१४ मा २० लाख नयां संक्रमण भएको अनुमान गरिएको छ जुन सन् २००० को तुलनामा ३५ प्रतिशतले घटेको छ। सन् २००० मा ३१ लाख नयां संक्रमण थियो।
- सन् २०१४ मा २ लाख २० हजार बच्चाहरुमा नयाँ संक्रमण भएको अनुमान गरिएको छ। जुन सन् २००० को तुलनामा ५८ प्रतिशतले घटेको छ। सन् २००० मा ५ लाख २० हजार बच्चामा नयां संक्रमण भएको अनुमान थियो।
- सन् २०१४ मा मात्रै करीब १२ लाख व्यक्तिहरुको एड्स सम्वन्धी कारणले मृत्यु भएको अनुमान छ, जुन सन् २००४ को तुलनामा ४२ प्रतिशतले कम हो। सन् २००४ मा २० लाख व्यक्तिहरुको एड्स सम्वन्धी कारणले मृत्यु भएको अनुमान थियो।
- सन् २०१५को जुन महिनासम्म १ करोड ५८ लाख संक्रमितहरुले एन्टीरेट्रोभाइरल (एआरभी) उपचारमा पहूँच पाएका छन्। यो संख्या सन् २०१० को तुलनामा ८४ प्रतिशतले बढोत्तरी भएको छ।
- **सहश्राब्दी विकास लक्ष नं ६ को प्राप्तिः** संयुक्त राष्ट्रसंघले विश्वले “एड्स महामारीको प्रकोपलाई रोक्ने र घटाउने” भन्ने सहश्राब्दी विकास लक्ष्य नं ६ प्राप्त भएको जनाएको छ।

*श्रोतः युएनएड्सका प्रकाशनहरु, २०१५*

*एशिया प्रशान्त क्षेत्रमा एचआईभी/एड्स*

- सन् २०१४ को अन्तसम्म एसिया प्रशान्त क्षेत्रमा ५० लाख व्यक्तिहरुमा एचआईभी संक्रमण भएको अनुमान छ। बयस्क जनसंख्याको ०.२ प्रतिशत संक्रमण (प्रिभ्यालेन्स दर) छ।
- सन् २०१४ मा ३ लाख ४० हजार नयां संक्रमण भएको अनुमान गरिएको छ जुन सन् २००० को तुलनामा ३१ प्रतिशतले घटेको छ।
- सन् २०१४ मा २१ हजार बच्चाहरुमा नयाँ संक्रमण भएको अनुमान गरिएको छ। जुन सन् २००० को तुलनामा २७ प्रतिशतले घटेको छ।
- सन् २०१४ मा मात्रै २ लाख ४० हजार व्यक्तिहरुको एड्स सम्वन्धी कारणले मृत्यु भएको अनुमान छ, जुन सन् २००० को तुलनामा ११ प्रतिशतले बढी हो।

*श्रोतः युएनएड्सका प्रकाशनहरु, २०१५*

*नेपालमा एचआईभी/एड्स*

- सन् २०१४ को अन्तसम्म नेपालमा ३९ हजार २४९ व्यक्तिहरुमा एचआईभी संक्रमण भएको अनुमान छ। बयस्क जनसंख्याको ०.२ प्रतिशत संक्रमण (प्रिभ्यालेन्स दर) छ।
- सन् २०१४ मा १ हजार ४९३ नयां संक्रमण भएको अनुमान गरिएको छ जुन सन् २००० को तुलनामा ८० प्रतिशतले घटेको छ। सन् २००० मा ७ हजार ३२५ नयां संक्रमण अनुमान गरिएको थियो।
- सन् २०१४ मा १७८ बच्चाहरुमा नयाँ संक्रमण भएको अनुमान गरिएको छ। जुन सन् २०१० को तुलनामा ६२ प्रतिशतले घटेको छ। सन् २०१० मा ४६८ बच्चामा नयां संक्रमण भएको अनुमान थियो।
- सन् २०१४ मा मात्रै २ हजार ५६७ व्यक्तिहरुको एड्स सम्वन्धी कारणले मृत्यु भएको अनुमान छ, जुन सन् २००७ को तुलनामा २२ प्रतिशतले कम हो। सन् २००७ मा ३ हजार ३०७ व्यक्तिहरुको एड्स सम्वन्धी कारणले मृत्यु भएको अनुमान थियो।
- सन् २०१५को जुलाई महिनासम्म नेपालमा १४ हजार ७४५ संक्रमितहरुले एन्टीरेट्रोभाइरल (एआरभी) उपचारमा पहूँच पाएका छन्। जसमध्ये ११ हजार ८९ जनाले हाल एआरभी उपचार लिईरहेका छन्। यो संख्या सन् २०१० को तुलनामा १४६ प्रतिशतले बढोत्तरी भएको छ।
- **सहश्राब्दी विकास लक्ष नं ६ को प्राप्तिः** नेपाल “एड्स महामारीको प्रकोपलाई रोक्ने र घटाउने” भन्ने सहश्राब्दी विकास लक्ष्य नं ६ प्राप्त भएको छ।

*श्रोतः एनसिएएससी इपी फ्याक्ट्स सीट, २०१५*

*नेपालमा एचआईभी महामारीको प्रकार र जोखिम समूह*

- नेपालको बर्तमान एचआईभीको अबस्थालाई केन्द्रीकृत महामारी (अर्थात कन्सन्ट्रेटेड इपिडेमिक) को रुपमा परिभाषित गरिन्छ। यसको अर्थ एक वा सो भन्दा बढी एचआइभी सर्नसक्ने जोखिममा रहेका समूहमा एचआईभी संक्रमण दर ५ प्रतिशत भन्दा बढी तर सामान्य जनसंख्यामा एचआईभी संक्रमण दर १ प्रतिशत भन्दा कम हुनु हो।
- नेपालमा एचआईभी संक्रमणको  उच्च जोखिममा रहेका समुहहरु सुईद्वारा लागूपदार्थ प्रयोगगर्नेहरु, यौनकर्मी, पुरुष समलिगीं तथा तेस्रोलिगीहरु र रोजगारीका लागि बिदेशिनेहरु हुन्। यी मध्ये सुईद्वारा लागूपदार्थ प्रयोगगर्नेहरु र पुरुष समलिंगी यौनकर्मीहरुमा संक्रमणदर अरु जोखिम समूह भन्दा उच्च छ।
- सन् २०१५ मा भर्खर सम्पन्न सर्भेक्षण अनुसारसूईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरुमा ६.४ प्रतिशत (काठमाण्डौ उपत्यकामा), २.८ प्रतिशत (पोखरामा), ८.३ प्रतिशत (पूर्वी तराईमा),  महिला यौनकर्मीहरुमा २%(काठमाण्डौ उपत्यकामा), र पुरुष समलिंगीहरुम २.४% (काठमाण्डौ उपत्यकामा), का दरले एचआईभीको संक्रमण रहेको  पाइएको छ।
- यसै गरी यसैबर्ष पश्चिम, मध्य तथा सुदुरपश्चिममा गरिएको सर्भेक्षणले भारतमा कामदार नेपालीहरूमा एचआईभीको संक्रमण पश्चिममा ०.३% र मध्य तथा सुदुरपश्चिममा ०.६% रहेको पाइएको छ।

*नेपालमा एचआईभी एड्स सम्बन्धी कार्यक्रम*

- नेपालमा राष्ट्रिय एचआईभी एड्स रणनिति २०११-२०१६ ले निर्देश गरे अनुरुप उच्च जोखिममा रहेका समुहहरु जस्तै सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरु, यौनकर्मी र तिनका ग्रहकहरु, पुरुष समलिगीं तथा तेस्रोलिगीहरु र रोजगारीका लागि बिदेशिनेहरु तथा तिनका दम्पतिहरु र जेलमा रहेका कैदिहरुका लागि एचआईभी रोकथाम कार्यक्रम एबं संक्रमित र प्रभावितहरुका लागि उपचार, हेरचाह तथा सहयोग कार्यक्रम सचांलन भईरहेको छ।
- विशेषतः आउटरीच शिक्षा, कण्ढम प्रवर्धन, परामर्श र परीक्षण। यौनरोग उपचार, जोखिम न्यूनिकरण, पिएमटीसीटी सेवा, एआरटी सेवा, र समुदाय सहयोगका कार्यक्रमहरु विभिन्न संघसंस्था र सरकारी स्वास्थ्य केन्द्रबाट संचालन छन्।
- हाल ५५ जिल्लाका ६१  एआरटी सेन्टरबाट एन्टीरेट्रोभाइरल उपचार निशुल्क उपलब्ध गराइएको छ।
- आमाबाट बच्चामा हुने संक्रमण रोकथाम (पिएमटीसीटी) कार्यक्रमलाई सहयोग पुग्नेगरी देशका विभिन्न जिल्लाका ९८ केन्द्रहरुमा गर्भवतीमा एचआईभी जाँच सुविधा छ।
- त्यस्तै १७ वटा जिल्लामा सबै तहका स्वास्थ्य संस्थाबाट एचआईभी जाँचगर्ने गरी समुदायमा आधारित पिएमटीसीटी कार्यक्रम संचालनमा छ। यो सेवालाई विस्तारै ७५ जिल्लामा विस्तार गर्ने योजना रहेको छ।
- देशमा करीब २३० बढी एचआईभी परामर्श तथा परीक्षण केन्द्रहरुबाट सेवा प्रदान भइरहेको छ ।
- नेपालमा एचआईभी एड्स सम्बन्धी कार्यक्रम संचालन सरोकारवाला र साझेदारहरुको समन्वयमा संचालित छ।

*बिद्यमान चुनौतीहरु र तिनको संबोधन*

- संक्रमित भई सकेका तर परिक्षण मा नआएका व्यक्तिहरुको एचआईभी संक्रमणको अवस्था थाहा पाउनु, तिनीहरुबाट अन्य व्यक्तिमा एचआईभी संक्रमण हुनबाट रोक्नु र संक्रमित भइसकेकाहरुलाई उपचार, हेरचाह तथा सहयोग कार्यक्रममा पहुंच बढाउने ठुलो चुनौति  रहेको छ।
- समुदायसगं सहकार्य गर्दै "परीक्षण गर्ने, उपचार गर्ने र उपचारमा नियमितता गराउने "  (Test, Treat and Retain) अभियानलाई  प्राथमिकताका साथ, तिब्रताका साथ सम्पन गर्नु पर्ने छ।
- एचआईभी संक्रमित, प्रभावितहरु प्रतिको हेयभाव तथा भेदभाव कम गर्न आवश्यक कानुन, नीति, नियम बनाइ सोको कार्यान्वयन गर्नु अत्यावश्क छ।
- हालसम्म राष्ट्रिय एच्आईभी एड्स कार्यक्रम अत्याधिक मात्रामा बैदेशिक श्रोतमा भर परेको अवस्था छ विस्तारै यस कार्यक्रमको लागी नेपाल सरकारको श्रोत वृद्धि गर्नु अत्यन्त जरुरी छ।
- नेपाल सरकारले सन् २०२० सम्मको लागी एड्स नियन्त्रणको तिब्रतर लक्ष्य ९०:९०:९० मा समर्थन जनाएको छ। सो  लक्ष्य प्राप्तिका लागि एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सम्बन्धी कार्यक्रमलाई तीब्रता दिन सबै तहको राजनितिक प्रतिबध्दताको आबश्यक छ।

# शून्यमा पुऱ्याऔं

**एच.आई.भी.को नयां संक्रमण, भेदभाव र एड्सबाट हुने मृत्युलाई शून्यमा पुऱ्याऔं**

"शून्य नयाँ संक्रमण"

"शून्य भेदभाव"

"शून्य एड्स संम्बन्धि मृत्यू"